जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

# गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ अंक १६१ १० चैत्र २०८०, शनिबार 23 Mar. 2024 पृष्ठ ४ मुल्य रु.५

## लामो समयपछी परेको वर्षातले महोत्तरीका किसानलाई राहत

***ममता शर्मा , महोत्तरी***
***चैत्र ९ गते***



लामो समय देखि खडेरीपनमा आजित भएका महोत्तरीका किसानलाई वर्षा भएपछि राहत भएको छ गत बुधबार र विहिबार भएको वर्षाले थोरै भएपनि महोत्तरीका किसानहरुलाई राहत मिलेको छ । जिल्लामा बुधबार रातिदेखि वर्षा हुन थालेछि किसानलाई राहत महसुस भएको हो । उखुबाली लगाएका र आप फुल्ने बखतमा वर्षातको पानीले राहत भएको गौशाला -९ भरतपुरका किसान गोपाल ठाकुरले बताए उनले भने , निकै समय पछी पानी पर्यो महोत्तरीका धेरै उखु र आपबाली भएका किसानलाइ केहि मात्रामा भएपनि राहत भएको छ धेरै समय देखि पानी नपर्दा बालीनाली सुख्खा भएको थियो अहिले अलि राहत महशुस भएको छ ।"

## मधेश प्रदेशका ४५ प्रतिशत आमाले स्तनपान गराउँदैनन्



***रवीन्द्र उप्रेती***
***बर्दीबास, चैत ९ गते ।***

आमाको दुध सर्वोत्तम आहार मानिन्छ। यसको महत्व दर्शाउन अमृतधारा, प्रकृतिको अमूल्य उपहार जस्ता शब्दावलीको प्रयोग गरेको पाइन्छ । चिकित्सकहरुले स्वस्थ्य समाज निर्माणका लागि जन्मेको एक घण्टाभित्र र ६ महिनासम्म आमाको दुध खुवाउन अनिवार्य गरेका छन् । तर स्तनपानको दृष्टिले मधेशका आमाहरु भने आफ्नै सन्ततिप्रति

बाकि पृष्ठ ३ मा


## वैदेशिक रोजगारीको लागि सुवर्ण अवसर

ALL NASR STAR SECURITY SERVICES
QATAR

SECURITY GUARD – 100PAX
SALARY – 1690
DUTY – 12HRS30DAYS
AGE – 21–40YRS
HEIGT – 5=6 OR ABOVE
MOST HAVE ENGLISH



DIRECT PARTY ENTERVIEW
ON 23–MARCH –2024
(SATURDAY)

NEW RAM JANAKI TRANING CENTER
BARDIBAS –14MAHOTTARI
9817838138,9862251067,9800863131,9802003638,9802003637



## भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो

**श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय**
**गौशाला न.पा. -५ , महोत्तरी**

**Diploma in civil Engineering (class 9 to 12 )**

**हाम्रा विशेषताहरु :**

- दक्ष अनुभवी र प्राप्त शिक्षक एवं प्रशिक्षक द्वारा अध्यापन गराइने ।
- जेहेनदार , दलित अपाङ्ग विद्यार्थीहरुको निमित्त छात्र वृत्तिको व्यवस्था ।
- कक्षा कोठामा CCTV CAMERA / PROJECTOR को व्यवस्था ।
- कम्प्युटर ल्यावको व्यवस्था भएको ।
- विज्ञान एवं इन्जिनियरिंग ल्याबको व्यवस्था भएको ।
- Physics ,chemistry , soil mechanics , fluid mechanics , survey and structural lab.
- समय समयमा शैक्षिक भ्रमण गराइने ।
- प्रवेश परिक्षामा प्रथम , द्वितीय , तृतीय गर्ने छात्र छात्रालाई १००% ,५०%, २५% छात्रवृत्तिको व्यवस्था (एक वर्षको लागि ) ।



**आवश्यक कागजातहरु :**
कक्षा ८ को प्रवेश पत्रको प्रतिलिपि -१ थान
जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान
पि. पि. साईज फोटो - २ थान

फारम भर्ने मिति २०८० चैत्र १० गते देखि २०८० चैत्र २५ गते सम्म
Entrance preparation class = chaitra 25 27 28

परिक्षा मिति : २०८० चैत्र २९ गते विहिबारको दिन

**श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय**
**गौशाला न.पा. -५ , महोत्तरी**

प्र.अ. विनोद महतो
Mob 9814800989

Co–ordinator : Er Pappu Er Roshan
Mob 9801674850



## दिपक पार्टी प्यालेस एण्ड होटल

बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*यहाँ विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था , सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*

टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।
सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६

# सम्पादकीय


### इन्जिनियरिङ शिक्षाका चुनौती

नेपालमा इन्जिनियरिङ शिक्षाको अध्ययन अध्यापन भएको लामो समय बितिसक्दा पनि अझै दक्ष इन्जिनियरको माग पूरा हुन सकेको छैन । विद्यार्थीहरू महँगो शुल्क तिरेर प्राविधिक शिक्षा लिन बाध्य छन् । सरकारी क्याम्पसमा समेत इन्जिनियरिङ र अन्य प्राविधिक शिक्षाको शुल्क महँगो छ। शिक्षालाई कसरी सर्वसुलभ र रोजगारमुखी बनाउन सकिन्छ भन्ने बहस र छलफल सेमिनार र गोष्ठीमा टुङ्गिन्छ । उत्पादित दक्ष जनशक्तिलाई रोजगारी दिएर देशमै कसरी राख्ने भन्ने दीर्घकालीन र अल्पकालीन योजना तय गर्न सकिएको छैन । सिटिइभिटी र विश्वविद्यालय अन्तर्गत सञ्चालनमा रहेका कार्यक्रममा इन्जिनियरिङ अध्ययन गर्ने विद्यार्थीको कमी हुँदा कतिपय कलेजमा कार्यक्रम नै स्थगन भएका छन्। इन्जिनियरिङ शिक्षालाई राम्रोसँग विकसित र व्यवस्थित गरी सञ्चालन गर्न सकेमा इन्जिनियरिङ शिक्षा प्रणालीका लागि निकै ठुलो योगदान हुने छ । यसबाट देशको आर्थिक वृद्धि प्राविधिक विकास र सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गर्न आवश्यक सिप र ज्ञानले भविष्यका पुस्तालाई मार्गदर्शन गर्न सहयोग पुग्ने छ। हाल नेपालमा इन्जिनियरिङ शिक्षाले गम्भीर चुनौतीको सामना गरिरहेको छ। यसको वर्तमान अवस्था र यसले भोगेका चुनौतीको विश्लेषण यहाँ गरिएको छ ।हाल इन्जिनियरिङ शिक्षाको आवश्यकता र माग नेपालमा मात्र होइन विश्वमै उच्च छ। विकसित राष्ट्रहरूमा समेत दक्ष प्राविधिक जनशक्तिको माग बढेको तथ्याङ्कले देखाउँछ । यस परिप्रेक्ष्यमा नेपाल जस्तो विकासोन्मुख देशमा गुणस्तरीय इन्जिनियरिङ शिक्षा र प्राविधिक जनशक्तिको आवश्यकता धेरै छ ।

# होलीको मौलिकता जोगाउने जिम्मेवारी नयाँ पुस्तामा

*चैत ९ गते ।*

सामाजिक एकता र सद्भावको पर्व होली हराउँदै जान थालेपछि मौलिकता जोगाउने जिम्मेबारी नयाँ पुस्ताको काँधमा आएको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले बताउनुभएको छ ।



लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसमा अतिरिक्त क्रियाकलाप समितिले आयोजना गरेको होली महोत्सव कार्यक्रमलाई सम्बोधनको क्रममा यस्तो बताउनुभएको हो । होलीको मौलिकता जोगिरा अभ्यास सरुवती पूजाको समापन्नसँगै सुरु हुने गरेको नगरप्रमुख चौधरीले स्मरण गराउँदै भन्नुभयो, "हाम्रो सांस्कृतिक पर्वलाई कमजोर हुन नदिन यस क्याम्पसका विद्यार्थीहरु सांस्कृतिक पर्वहरुको रक्षाको लागि आफ्नो गाउँ टोलमा सांस्कृतिक क्लव बनाएर होली पर्व मनाएर सामाजिक एकता र सद्भावको सन्देश प्रवाह गर्न आवश्यक छ ।" जेएस मुरारका बहुमुखी क्याम्पसका सञ्चालका समितिका अध्यक्षसमेत रहनुभएका नगरप्रमुख चौधरीले थप्नुभयो, "भौतिक विकासले मात्रै पुग्दैन सामाजिक एकता भ्रातृत्व कायम गर्ने होली पर्वको रौणकता सामाजिक सञ्जाल युट्युबमा मात्रै सीमित भएर हुँदैन, मौलिकता झल्किने गरी रौनकता बढाउनसमेत लहान नगरपालिकाले बजेट विनियोजन गरिरहेको छ । यसको अगुवा जेएस मुरारका क्याम्पसका विद्यार्थीहरुले गर्नुपर्ने समय आएको छ ।"प्रध्यापक प्रमोदानन्द झाका अनुसार असत्यमाथि सत्यको जीत भएको हर्ष र उल्लासमा मनाइने होली पर्वको मौलिकतामा ह्रास आउने प्रमुख कारण युवा पुस्ता वैदेशिक रोजगारीमा जानु र पुरानो पुस्ताले ओली जोगिरा अभ्यास नयाँ पुस्तामा हस्तान्तरण गर्न नसक्नु रहेको तर्क गर्नुभयो । उहाँले भन्नुभयो, "सांस्कृतिक पक्षलाई मजबुत गर्ने कार्यक्रमलाई समेट्न जेएस मुरारका बहुमुखी क्याम्पसले थालेको प्रयास र लहान नगरपालिकाको रुचि प्रशंसनीय छ ।"महदेवा पोर्ताहाका पूर्व गाविस अध्यक्षसमेत रहिसक्नुभएका रामनारायण यादवले सांस्कृतिक कार्यक्रमलाई बढावा दिएर सबैको प्यारो भएर आफू गाउँपालिका अध्यक्षसम्म चुनिएको अनुभव सुनाउँदै भन्नुभयो, "यतिबेला गाउँ गाउँमा रहेको सांस्कृतिक कार्यक्रम र भजन किर्तनका लागि गठित कीर्तनिया मण्डलीहरुमा नयाँ पुस्ता टाढिँदै जान थालेपछि होलीको रौनकता र मौलिकतामा ह्रास आएकै हो। यसको लागि स्थानीय र प्रदेश सरकारले पुनरूत्थान गर्न आवश्यक छ ।"होली पर्वमा अत्यधिक मदिरा सेवन गरेर गाउँ गाँउमा जोगिरा खेलेर सांस्कृतिक पक्षलाई बढावा दिनुको सट्टा अनावश्यक रङ अबीर दलेर लडाइँ झगडा र अशान्तिमय वातावरण सृजना हुन थालेपछि के गरिब के धनी सबै सडककमा आएर मनाउने होली असुरक्षाका कारण घरबाट बाहिर निस्कन नथालेपछि होली पर्वमा खेलिने जोगिरामा ह्रास आएको शिक्षक बिन्देश्वर यादवको भनाइ छ ।

# राष्ट्रिय भूमि आयोग खारेज




*महोत्तरी , चैत्र ९ गते*

सरकारले राष्ट्रिय भूमि आयोग खारेज गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय भूमि आयोग खारेज गरेको हो। नयाँ सत्ता समीकरण बनेसँगै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुरानो आयोगलाई खारेज गरेका छन् ।

आयोगमा राजनीतिक भागबण्डा गर्नको लागि पुरानोलाई खारेज गरेर नयाँ गठनको तयारी गरेको बुझिएको छ। २०७८ साउनमा शेरबहादुर देउवा नेतृत्वको सरकारले भूमि समस्या समाधान आयोगलाई खारेज गरेर राष्ट्रिय भूमि आयोग गठन गरेका थिए। देवी ज्ञवाली रहेको भूमि समस्या समाधान आयोग खारेज गरेर देउवाले केशव निरौलाको अध्यक्षतामा राष्ट्रिय भूमि आयोग गठन गरेका थिए । भूमिसम्बन्धी ऐन, २०२१ मा भूमि व्यवस्थापन र भूमिसम्बन्धी समस्या समाधानका लागि आयोग गठन गर्न सकिने व्यवस्था छ । पाँचदलले सार्बजनिक गरेको न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्पमा दुई वर्षभित्र सुकुम्बासी, मुक्त हलिया, मुक्त कमैया र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने प्रतिबद्धता रहेको छ ।


## विज्ञापन गराउन

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस ।

विस्तृत जानकारीको लागि
रेडियो जुनतारा१०३.४ मेगाहर्ज
गौशाला महोत्तरी
सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह
सम्पर्क न. :९८२९९३६३९८


## आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |


भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

## सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल

भंगहा न.पा. ७ गोरहन्ना बजारमा
भर्ना खुल्यो

NEW ADMISSION OPEN

हाम्रा विशेषताहरु

- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई
- छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था
- यातायातको व्यवस्था
- स्कूलको आफ्नै भवनमा पठनपाठनको व्यवस्था
- नर्सरी कक्षा देखि ८ कक्षा सम्मको व्यवस्था
- प्रत्येक कक्षाकोठामा अअकेमरको व्यवस्था



थप जानकारीको लागि

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल
भंगहा न.पा. ७ गोरहन्ना बजार

प्रिन्सिपल :वद्री राय दनुवार ,९७०२९०७००५ ,९८२७७०४१३३

# आज विश्व मौसम विज्ञान दिवस मनाइदै




मौसमको फेरबदलमा बादलको महत्त्वलाई दर्साउँदै सन १९६१ देखि हरेक वर्षझैँ यस वर्ष पनि २३ मार्चका दिन मौसम विज्ञान वर्ष मनाईदैछ । विश्व मौसम विज्ञान सङ्गठन द्वारा सङ्कलित तथ्याङ्क बिना, यो सही दैनिक मौसम पूर्वानुमान प्राप्त गर्न असम्भव हुनेछ। विश्व मौसम विज्ञान सङ्गठनले मानिसहरूको सुरक्षा र कल्याणमा योगदान दिन महत्त्वपूर्ण भूमिका खेल्छ। यसरी वर्ल्ड मेटेरोलोजीकल अर्गनीजेशनले आफ्नो डाटा मार्फत विश्वभरिका समुदायको सुरक्षा गरिरहेको हुन्छ । यसको काम खाद्य सुरक्षा, जलस्रोत र यातायात प्रदान गर्न महत्त्वपूर्ण छ। मौसम सम्बन्धी डाटाले हामीलाई मौसमको क्षति ट्र्याक गर्न, हाम्रा सम्पूर्ण दिनहरूको योजना बनाउन र प्राकृतिक प्रकोपहरूको बारेमा चेतावनी दिन मद्दत गर्दछ। यी नै डाटाको कारणले गर्दा, हामी मानिसहरूलाई बाहिर निकाल्न वा आवश्यक आँधीको तयारी गर्न पर्याप्त समय दिएर ठुलो आँधीको भविष्यवाणी गर्न सक्छौँ। सन् १९६१ को मार्च २३ मा विधिवत् सुरु भएको यस दिवस वर्ल्ड मेटेरोजीकल अर्गनाइजेशनको स्थापनाको सम्झनामा हरेक वर्ष मार्च २३ मा मनाइन्छ। वर्ष २०२४ चाहिँ विश्व मौसम दिवसको ६४औँ संस्करण हो किनभने पहिलो विश्व मौसम विज्ञान दिवस चाहिँ सन् १९६१ मा मनाइएको थियो ।

**उद्देश्य**

सन् १९५० मा विश्व मौसम विज्ञान सङ्गठनको स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष मार्च २३ मा विश्व मौसम विज्ञान दिवस मनाइन्छ। यस दिनले मानव समाजको सुरक्षा र कल्याणमा मौसम विज्ञान र जल विज्ञान सेवाहरूको योगदानलाई पनि प्रकाश पार्दछ।

**सन् २०२४ को मौसम विज्ञान दिवसको नारा**

यस वर्षको नारा चाहिँ •At the Frontline of Climate Action• हो । मौसम र जलवायुको आउँदा पुस्तामा पर्ने प्रभावलाई आत्मसाथ गर्दै विश्व समुदायले यस नारा तयार पारेको बताइएको छ ।नेपाल अनि नेपालीहरू यस कुरामा सबैभन्दा संवेदनशील हुन जरुरी छ किनभने हामी विश्वको शिर हौ, सगरमाथाले सुशोभित हाम्रो भूमि सदासर्वदा यी जनविपर्याय बादलहरूको क्रिडास्थल बनिरहोस् अनि मौसमको कृपा रहिरहोस् ।बादलको घुम्टोले हाम्रो सहर छोपी रहोस्, तिम्रो सहर छोपी रहोस् ।

# मधेश प्रदेशका ४५ प्रतिशत

••••••••

निर्मम देखिएका छन् । मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका पोषण शाखा प्रमुख विनोद यादवका अनुसार जन्मेको एक घण्टाभित्र मधेश प्रदेशका ४५ प्रतिशत आमाले स्तनपान गराउँदैनन् भने पूर्ण स्तनपान (जन्मेको ६ महिनासम्म) नगराउने आमाको सङ्ख्या ३५ प्रतिशत पुगेको छ।स्तनपान नगराउने प्रवृत्ति अनेकन स्वास्थ्य समस्याको कारण बनेको र आर्थिक सामाजिक दृष्टिले पनि यो प्रत्युत्पादक भएको शाखा प्रमुख यादवले जनाउनुभयो । युनिसेफकी पोषण अधिकृत सुमी मास्केले ६ महिनासम्म पनि आमाको दुध खुवाउने हो भने बाल मृत्युदर २० प्रतिशतसम्म घटाउन सकिने जनाउनुभयो । आमाको दुध वातावरण मैत्री, सम्पूर्ण आहार र रोग प्रतिरोधका लागि पहिलो खोपसमेत भएकोले स्तनपानको पूर्ण पालनाले बट्टाको दुधमा खेर गइरहेको अर्बौं रुपियाँ बचत हुने तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को प्रतिवेदन अनुसार स्तनपान नगराउने प्रवृत्ति अशिक्षितभन्दा शिक्षित र गाउँभन्दा सहरका आमामा बढी देखिएको छ । आमाहरुका लागि अज्ञानता, कार्यव्यस्तता, जागिर जस्ता चाहेर पनि स्तनपान गराउन नसकिने बाध्यात्मक अवस्था त छँदैछन् त्योभन्दा पनि बट्टे दुधप्रतिको भ्रमित विश्वासले पूर्ण स्तनपान नगाराइएको अवस्था टड्कारो समस्या भएको उहाँले बताउनुभयो। मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका पोषण शाखा प्रमुख विनोद यादवले प्रतिवेदन उद्धृत गर्दै मधेश प्रदेशमा १२ प्रतिशत बालबालिकालाई दुधदानी (बोटल फिडिङ) बाट दुध खुवाउने गरिएको छ । बट्टे दुधको आकर्षक विज्ञापनको भ्रममा परेर बिचमै आमाको दुधको साटो दुधदानीमा पाउडर दुध ख्वाउने प्रवृत्ति चुनौतीका रुपमा देखिएको छ । यो प्रवृतिलाई निरुत्साहित गर्न मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले युद्ध स्तरमा अभियान सञ्चालन गरेको पोषण शाखा प्रमुख यादवको दाबी छ। नेपालले 'आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुको (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली २०५१ लागु गरेको छ । यसको प्रभावकारी कार्यान्वयन र आमाको दुध प्रतिस्थापन गर्ने वस्तुको नियमनलाई कडाई साथ पालना गर्न गराउन निर्देशनालयले दक्ष जनशक्ति परिचालत गर्ने जनाएको छ । यसका लागि निर्देशानालयले उक्त ऐनको सघन कार्यान्वयनका लागि बर्दीबासमा बिहिवारदेखि ३ दिने क्षमता अभिवृद्धि अभिमुखीकरण सुरु गरेको छ । कार्यक्रममा ८ वटै जिल्लाका स्वास्थ्य प्रमुख, पोषण फोकल पर्सनहरु, २० पालिकाका स्वास्थ्य शाखा प्रमुखहरु पोषणसम्बन्धी काम गर्ने युनिसेफ, वर्ल्ड भिजन, सेभ द चिल्ड्रेन, विश्व स्वास्थ्य सङ्गठनसमेत ६० जनाको सहभागिता छ। कार्यक्रमका प्रमुख प्रशिक्षक एव कानुनविद् सिंह ऋषि काफ्लेले 'आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुको (विक्री वितरण नियंत्रण) ऐन, २०४९ र नियमावली २०५१ को प्रभावकारी कार्यान्वयका लागि अवलम्बन गर्नु पर्ने विधिसम्मत प्रक्रियाबारे विस्तृत प्रशिक्षण दिनुभएको थियो ।

"कानुनको प्रभावकारी कार्यान्वयन र सचेतीकरण अभियानले सन् ३० सम्म यो लक्ष्य पूरा गर्न सहयोग पुग्ने विश्वासाथ मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले यस्ता कार्यक्रम अघि बढाएको हो," पोषण शाखा प्रमुख विनोद यादवले भन्नुभयो ।

## गौशाला कान उपचार केन्द्र

गौशाला- ५ ,महोत्तरी

( निगौल गाई गौशाला -५ गोरु बजार नजिक नँया भवनको माथिलो तल्लामा )

**सम्पर्क न. ९८१४७८६९२१ , ९८१५७४६३१५**

**हाम्रो सेवाहरु**

१ ओ.पि.डी सेवा प्रत्येक दिन (बिहान १० हजे देखि ४ बजे सम्म )

२ गौशालामा ओ.पि.डी सेवा प्रत्येक दिन सोमबार र विहिबार (बिहान १० हजे देखि ४ बजे सम्म )

३ जर्मनी अटोस्कोप मेशिनद्वारा कान जांच गरिन्छ ।

४ कान कम सुन्नेहरूलाई डिजिटल मेशिनद्वारा श्रवन परिक्षण गरिन्छ ।

५ कान कम सुन्नेलाई श्रवन यन्त्र ( hearing aid ) पाइन्छ ।

६ कानको जालीमा प्वाल परेको /हड्डी कुहिएको ,मासु पलाएको कानमा पनि जमेको,काम कम सुन्ने कान कान रोगीहरुलाई (ENT surgeon )द्वारा अप्रेशन पनि गरिन्छ॥

**साथै : कान पाक्ने (पिप आउने) कान दुख्ने,कान कम सुन्ने कान कराउने ,कान चिलाउने जस्ता रोगीहरुले समयमै कान जांच गराई बहिरोपन हुन् बात बाँचौ र अरुलाई पनि बाचाऔ ।**

## बर्दिबास कान उपचार केन्द्र प्रा.लि.

बर्दिबास -१४ बजार मन्दिर नजिक,महोत्तरी

सम्पर्क न. ९८४०९०१३५३ , ९८१५७४६३१५

## दैनिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) आज भाग्यले साथ दिनेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा) आज कामको सन्दर्भमा आउँने प्रतिस्पर्धीहरूलाई किनारा लगाउँदै महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिनेछ ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) आज बोलीवचन एवं प्रवचन भाषण आदिमा प्रशंसा मिल्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) आज आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) वाणीमा कुशलता आउने दिन परेको छ। करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) परोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । आजको दिन मनोरञ्जनपूर्ण रहनेछ ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज शरीरमा कमजोरी अनुभूति हुनेछ ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज घरमा कुटुम्बको आगमन हुने एवं परिवारमा नयाँ सदस्य थपिन पनि सक्ने सम्भावना छ ।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ। परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ ।

**मकर** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज गोप्य सूचना बाहिरिनाले समस्या आउनेछ । य

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) धार्मिक र सामाजिक महत्त्व भएको क्षेत्रमा भ्रमण हुनसक्छ । दूरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ ।

भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।

PG To Grade 6

नेपाल सरकार द्वारा मान्यता प्राप्त

ADMISSION OPEN

"Excellent education is our passion"

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**

शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,
आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,
जि.डी.एम. स्कूल, अब तपाईंकै शहरमा हार्दिक स्वागत गर्दछौं ।

**हाम्रा विशेषताहरू:**

- खुल्ला प्रतियोगिताद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराईने,
- शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- विद्यालय प्राङ्गणमै, यथेस्ट खेल मैदान भएको,
- Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- कक्षा १ देखि नै कम्प्यूटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- गुणस्तरीय पुस्तकालयको (E-Library) को व्यवस्था भएको,
- कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- Hostel/Day Hostel को उचित व्यवस्था भएको,

***Why choose us?***

- Nurturing Environment
- Experienced Educators
- Playful Learning
- Holistic Development
- Child-centric learning
- Well-equipped Computer Lab
- Child friendly, clean & safe invironment
- Kids club & Audio-Visual system
- Mud station, play station & many

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**

G.D.M. ENGLISH BOARDING SCHOOL

संस्कारयुक्त शिक्षा

PG To Grade 6

Gaushala-5, Mahottari Near to Brahamsthan

Contact.-9801605172, 9815840565, 9867807469

gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

# महामुर्खको खोजी सुरु जनकपुरधाममा

*जनकपुरधाम , चैत्र ९ गते*

मधेश प्रदेशको राजधानी जनकपुरधाममा महामुर्खको खोजी सुरु भएको छ । होली पर्वको अवसरमा जनकपुरधाममा आयोजना गरिने होली महोत्सवमा महामुर्ख पदवी प्रदान गर्ने यहाँको चलन रहेको छ । प्रत्येक वर्ष मिथिला नाटयकला परिषद (मिनाप)ले धुमधामसँग मनाउँदै आएको दुई दिवसीय होरी( होली) महोत्सवमा आयोजना गरिने महामुर्ख सम्मेलनका लागि महामुर्खको खोजी सुरु गरिएको मिनापका महासचिव शैलेन्द्र मल्लिकले जानकारी दिनुभयो ।



बिगतको समय देखि नै महामुर्ख सम्मेलन देशैभरि ख्याती कमाएको छ । मिथिला नाट्य कला परिषद (मिनाप) ले प्रत्येक वर्ष यो सम्मेलन आयोजना गर्दै आएको छ। मिनापले प्रत्येक वर्ष मिथिला क्षेत्रबाट उच्च तहको बौद्धिक काम गर्ने एक जनालाई महामुर्खसहित विभिन्न व्यङ्ग्यात्मक पदवीबाट सामाजिक सम्मान गर्ने चलन छ ।

आपसी भाइचाराका रुपमा लिइएको होली पर्व जनकपुरधाममा हिन्दूसँगै विभिन्न धर्ममा आस्था राख्नेहरुले सँगै मनाउँछन् । मिथिलामा वसन्त पञ्चमीको आगमनसँगै होली गीत गाउन सुरु गरिन्छ । तर अहिले आएर ग्रामीण इलाकामा फागु गीत गाउनेमा कमी हुन थालेपछि लोपोन्मुख फागु गीतलाई जगेर्ना गर्ने मिनापले करिब तीन दशकदेखि होरी महोत्सवको आयोजन गर्दै आएको छ ।

फागुपूर्णिमाको पूर्वसन्ध्यामा आयोजना हुने दुईदिने होली महोत्सवको पहिलो दिन फागु गीत प्रतियोगिता तथा दोस्रो दिन महामूर्ख सम्मेलनको आयोजन गरिन्छ । मिनापका महासचिव मल्लिकले मैथिली भाषा, साहित्य, कला, संस्कृति तथा लोकगीतको संरक्षण गर्न होली महोत्सव आयोजना गरिएको बताउनुभयो ।

फागु गीत प्रतियोगितामा धनुषा, महोत्तरी, सिरहा, सप्तरी र सर्लाहीका ग्रामीण समूह सहभागी हुने मिनापका महासचिव मल्लिकले बताउनुभयो। महोत्सवको दोस्रो दिन आयोजन हुने महामूर्ख सम्मेलनमा समाजका अगुवा व्यक्तित्वलाई विशेष मानपदवी प्रदान गर्ने चलन छ । सोअन्तर्गत महत्वपूर्ण व्यक्तिलाई महामुर्खको उपाधि प्रदान गरिन्छ । सोअन्तर्गत महामुर्ख तथा अन्य उपाधिकर्तालाई मिथिलामा उत्पादित तरकारीको माला लगाइदिने चलन छ ।

**सम्मेलनको इतिहास**

महामूर्ख सम्मेलन नेपालको विभिन्न स्थानमा हुँदै आए पनि जनकपुरमा यसले निकै उचाइ पाएको छ । तर यसको प्रारम्भ वीरगञ्जबाट भएको हो। मैथिली साहित्य परिषद् वीरगञ्जे पहिलो पटक २०५० सालमा सम्मेलनको आयोजना गरेको थियो । पहिलो पटकको महामूर्ख लाला माधवेन्द्रजीलाई प्रदान गरिएको थियो ।

सम्मेलनको परिकल्पनाकारमध्ये एक रहनुभएका मैथिली साहित्य परिषद्का पूर्वमहासचिव एवं चर्चित पत्रकार चन्द्र किशोर झा भन्नुहुन्छ , 'विसं २०४६ सालमा बहुदल आएपछि राजनीतिकरुपमा परिवर्तन भयो । यस परिवर्तनमा समाजिक तथा साहित्यिक क्षेत्रका व्यक्तिहरुको योगदानको आवश्यकता थियो, यस्तो अवस्थामा सम्मेलनको अवधारणा आएको हो ।'

समाजमा रहेको विकृति विसङ्गतिलाई समाप्त गर्न व्यङ्ग्यले निकै ठूलो भूमिका खेल्ने उनको भनाइ छ । वीरगञ्जमा अहिले होरी मिलन समारोह महामूर्ख सम्मेलन आयोजना गर्दै आएको छ । यसप्रकारको सम्मेलन भारतमा पहिले देखिनै हुँदै आएको छ ।

विसं २०६१ देखि जनकपुरधाममा महामूर्ख सम्मेलनको आरम्भ गरिएको थियो । विसं २०६१ मा महामूर्खको उपाधि मैथिली कवि नरेश ठाकुर, विसं २०६२ मा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी(एमाले) का नेता शीतल झा, २०६३ मा तत्कालीन जनकपुर नगरपालिकाका प्रमुख हरिबहादुर विसी, २०६४ मा तत्कालीन सद्भावना पार्टीका नेता ओमकुमार झा प्रदान गरिएको थियो । साथै २०६५ सालमा वरिष्ठ साहित्यकार डा राजेन्द्र विमल, २०६६ मा पूर्वमन्त्री रामचन्द्र झा, २०६७ मा नेपालका चर्चित राजनीतिक विश्लेषक सिके लाल, २०६८ मा साहित्यकार रामभरोष कापडी भ्रमर, २०६९ मा नेपाली कांग्रेसका नेता रामसरोज यादव, २०७० मा तमलोपाका वरिष्ठ नेता डा विजयकुमार सिंह, २०७१ मा नेता शत्रुधन महतो, २०७२ मा श्मशानघाटको स्वरूप परिवर्तन गरी आधुनिक स्वर्गद्वार बनाएर चर्चा बटुलेका पवन सिँघानीयालाई प्रदान गरिएको थियो ।

विसं २०७३ मा सप्तरीको मलेठमा एमालेले गरेको मेची-महाकाली अभियानका क्रममा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएपछि अन्तिम समयमा मिनापले सो कार्यक्रम स्थगित गरेको थियो। विसं २०७४ मा महामूर्खको उपाधि तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल र विसं २०७५ मा जसपाका नेता लालकिशोर साहलाई प्रदान गरिएको थियो ।

त्यस्तै विसं २०७६ मा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, २०७७ सालमा महजोडी मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य एवं २०७८ सालमा अर्थविद् डा भोगेन्द्र झालाई महामूर्खको उपाधि प्रदान गरिएको थियो भने २०८० को महामुर्खको उपाधि जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहलाई प्रदान गरिएको थियो ।

यसरी छनोट गरिन्छ महामूर्ख ?

महामूर्खको छनोट कसरी हुन्छ धेरैको उत्सुकताको विषय हुनसक्छ । महामूर्ख सम्मेलनको आयोजक मिथिला नाट्यकला परिषद्का पूर्वअध्यक्ष मदन ठाकुर भन्नुहुन्छ , 'महामूर्खको छनोटका लागि एक समिति गठन गरिन्छ । सोही समितिले महामुर्ख छनोट गर्छ ।' जनकपुरधामका स्थानीय पत्रिकामा एक हप्ता पहिलादेखि यसबारे चर्चा सुरु हुन्छ ।

नेपाल पत्रकार महासङ्घ पूर्वकेन्द्रीय सदस्य शैलेन्द्र झा भन्छन्, 'महामूर्ख जनकपुरधामको एउटा लोकप्रिय कार्यक्रम हो । यसलाई सञ्चारमाध्यमले महत्वका साथ स्थान दिएको पाइन्छ ।' महामुर्ख बन्नका लागि मानिसहरू कामना गर्ने उहाँको भनाइ छ ।

मिथिला नाट्यकला परिषद्ले प्रत्येक वर्ष महामूर्खसहित १५ जनालाई १५ वटा पदवी प्रदान गर्दै आइरहेको छ । त्यसमध्ये सबभन्दा बढी चासोका साथ महामूर्खको उपाधिलाई हेरिन्छ। सोहीअनुरूप यस वर्ष पनि यस पदवीका लागि विभिन्न आकाङ्क्षीको नाम चर्चामा छ ।


लामखुट्टेबाट जोगिने र लामखुट्टे नियन्त्रण गर्ने उपायहरु





- पूरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विधालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने



- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- साझँ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने



मुखियापट्टी मुसहरनिया गाउँपालिका
धनुषा , मधेश प्रदेश



भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सरस्वति पुजाको अवसरमा यस राम जानकी इंगलिस बोर्डिंग स्कूल सम्पूर्ण गौशाला नगरवासी , विद्यार्थी भाईबहिनि तथा अभिभावकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस स्कूलमा माध्यमिक तहमा नया/ शैक्षिक सत्र २०८१ बाट प्रवेश गरेको अवसरमा कक्षा ९ को लागि सरस्वति पुजा देखि वैशाख मसान्तसम्म नि:शुल्क भर्ना गरिनेछ।यस अवसरमा आना नानीबाबुहरुलाई समयमानै भर्ना गराई मौकाको फाइदा लिनुहुन अनुरोध गर्दछौं ।

हाम्रा बिशेषताहरु

नि:शुल्क



- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था

राम जानकी इंगलिस बोर्डिंग स्कूल
गौशाला -४ जिरोमाइल



प्रिन्सिपल : उमेश कुशवाहा
सम्पर्क न. ९८४४०२७१३० ९८१८१८८७६६

"गौशाला नगरवासीको सान राम जानकी इंगलिस बोर्डिंग स्कूलको पहिचान"


गौशाला खबर उज्यालो नेपालद्वारा संचालित, अध्यक्ष : निरन्जन कुमार साह कार्यालय :गौशाला न.पा.५ ,महोत्तरी ,सम्पादक : सूर्यनारायण साह , **कार्यकारी सम्पादक :भाग्यरेखा ठाकुर**
email:gaushalakhabar6684@gmail.com मुद्रक :रि -स्टार अफसेट प्रेस ,गौशाला सम्पर्क न. :९८४४१०११०८,९८२७८५३६५०